काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २५५ ❐ शनिवार, १३ असार, २०८३ ❐ Saturday, 27 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीमा ३० लाखमाथिका योजनामा ठेक्का प्रणाली हटाउने तयारी

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १२ असार

कर्णाली प्रदेशमा एक करोड रुपैयाँभन्दा कम लागतका विकास योजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने विषयमा सत्तापक्ष र प्रतिपक्ष दुवै दलका सांसदहरू एकै धारमा उभिएका छन् ।

यसले केही वर्षदेखि दलगत सहमतिका आधारमा लागू गरिएको ३० लाख रुपैयाँभन्दा माथिका योजना अनिवार्य रूपमा ठेक्का प्रक्रियामार्फत कार्यान्वयन गर्ने व्यवस्था अब हट्ने संकेत देखिएको छ । सार्वजनिक खरिद ऐनले निश्चित मापदण्डभित्रका योजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्न सकिने व्यवस्था गरे पनि कर्णालीमा भने अघिल्लो कार्यकालदेखि ३० लाख रुपैयाँभन्दा माथिका योजना ठेक्का आह्वानमार्फत मात्रै सञ्चालन गर्ने राजनीतिक सहमति बनेको थियो ।

त्यसबेला प्रतिपक्षमा रहेको दल नेकपा एमालेले यसलाई आफ्नो प्रमुख एजेण्डा बनाएको थियो भने सरकार पनि त्यसैअनुसार अघि बढेको थियो । तर अहिले परिस्थिति उल्टिएको छ । एमाले सत्ता र नेकपा प्रतिपक्षमा छन् । तर यी दुवै दलका अधिकांश सांसद एक करोड रुपैयाँसम्मका योजना पुनः उपभोक्ता समितिमार्फत सञ्चालन गर्नुपर्ने पक्षमा देखिएका छन् । यसले प्रदेश सरकारले हाल लागू गरेको ३० लाखमाथिका योजनामा ठेक्का प्रणाली लागू गर्ने निर्णय पुनर्विचारको चरणमा पुगेको हो ।

प्रदेशसभा स्रोतका अनुसार प्रमुख प्रतिपक्षी दल नेकपाले यही विषयलाई मुख्य एजेण्डा बनाउँदै बिहीबार



प्रदेशसभा बैठक अवरुद्ध गरेको थियो । तर संसदमै यो एजेण्डा भने प्रस्तुत गरिएको थिएन । पछि सहमतिका लागि छलफल गर्दा प्रतिपक्षले सरकारले ३० लाख रुपैयाँभन्दा माथिका योजना ठेक्का प्रक्रियाबाट सञ्चालन गर्ने निर्णय तत्काल फिर्ता लिनुपर्ने माग राखेको थियो ।

प्रतिपक्षको अवरोधपछि सत्ता र प्रतिपक्षबीच भएको छलफलमा उक्त निर्णय रद्द गर्ने विषयमा सकारात्मक सहमति बनेको स्रोतको दाबी छ । त्यसपछि मात्रै अवरुद्ध प्रदेशसभा बैठक सञ्चालन भएको बताइएको छ । यद्यपि सरकारका मन्त्रीहरू यस विषयमा सार्वजनिक रूपमा स्पष्ट धारणा राख्न तयार देखिएका छैनन् ।

सत्तापक्ष दलका सांसदहरूले भने मौन समर्थन जनाइरहेका छन् । प्रतिपक्ष भने खुला रूपमा सरकारको निर्णय खारेज गर्नुपर्ने माग गर्दै आएको छ । यसैबीच कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको आठौँ अधिवेशनअन्तर्गत पन्ध्रौँ बैठकमा 'कर्णाली प्रदेश विनियोजन विधेयक, २०८३' अन्तर्गत भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय तथा आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेटमाथिको छलफल सुरु भएको छ । बैठक सुरु हुनुअघि नै प्रतिपक्षसँग छलफल गरिएको थियो ।

प्रतिपक्षको मुख्य असन्तुष्टि बजेटमाथिको सामान्य छलफलका क्रममा आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले सांसदहरूले उठाएका प्रश्नको स्पष्ट जवाफ नदिनु थियो । मन्त्री शाहले सामान्य छलफलमा उठेका विषयको जवाफ मन्त्रालयगत छलफलका क्रममा सम्बन्धित मन्त्रीहरूले दिने भन्दै विषय टारेका थिए ।

पूर्वआर्थिक मामिला तथा योजनामन्त्री एवं नेकपा सांसद विन्दमान विष्टले सरकार संसद्प्रति उत्तरदायी बन्न नसकेको आरोप लगाए । उनले सामान्य छलफलमा उठाइएका गम्भीर विषयमा अर्थमन्त्रीले 'टु द प्वाइन्ट' जवाफ दिनुपर्ने बताए ।

प्रदेश सरकारले प्रस्तुत गर्ने नीति, कार्यक्रम र बजेट केवल औपचारिक दस्ताबेजमा सीमित हुन नहुने भन्दै त्यसको तथ्यगत आधार, वैधानिकता र कार्यान्वयनको स्पष्टता आवश्यक रहेको धारणा राखे ।

विष्टले सरकारले बजेटमा समावेश नगरेको 'छोरी बैंक खाता' कार्यक्रमबारे पनि प्रश्न उठाएका थिए । नीति तथा कार्यक्रममा बहसका लागि राखिएको नभनी स्पष्टीकरण दिइए पनि बजेटमा समेत कार्यक्रम समावेश नगरिनुको कारण सरकारले स्पष्ट पार्नुपर्ने उनको माग थियो ।

यसअघि दलका नेता मंगलबहादुर शाहीले पनि बजेटको औचित्यमाथि प्रश्न उठाउँदै प्रतिपक्षलाई बेवास्ता गरेर सरकार अघि बढ्न खोजेको आरोप लगाएका थिए । सरकारले सांसदहरूको प्रश्नको विश्वसनीय र चित्तबुझ्दो जवाफ नदिएसम्म सदनको बाँकी कार्यसूची अघि बढाउन नहुने अडान प्रतिपक्षले लिएको थियो ।

प्रतिपक्षको अवरोधपछि बिहीबारको बैठक प्रभावित बनेको थियो । दलहरूबीच भएको आन्तरिक छलफलपछि शुक्रबार बैठक पुनः सञ्चालन गर्ने सहमति बनेको प्रदेशसभा स्रोतले जनाएको छ । प्रदेश राजनीतिमा विकास योजना कार्यान्वयनको मोडेललाई लिएर देखिएको यो नयाँ सहमतिले आगामी दिनमा कर्णालीका साना तथा मध्यमस्तरका योजनाको कार्यान्वयन प्रणाली फेरि परिवर्तन हुने संकेत दिएको छ ।

यदि ३० लाखमाथिका योजनामा लागू गरिएको ठेक्का प्रणाली खारेज भयो भने प्रदेशमा उपभोक्ता समितिको भूमिका पुनः विस्तार हुने देखिन्छ । यसलाई दलहरुदेखि स्थानीयवासी सबैले रोजगारी सृर्जनाको दृष्टिकोणले सकरात्मक रुपमा लिनुपर्ने पनि देखिन्छ ।

रास्वपाको पदाधिकारीमा को-को भए निर्वाचित ?



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १२ असार

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को उपसभापतिमा सोविता गौतम निर्वाचित भएकी छिन् ।

शुक्रबार भएको दोस्रो चरणको पदाधिकारीको निर्वाचनमा डा. तोसिमा कार्कीलाई पराजित गर्दै महिला उपसभापतिमा गौतम निर्वाचित भएकी हुन् ।

त्यस्तै पार्टीको महामन्त्रीमा विपिन आचार्य निर्वाचित भएका छन् । महामन्त्रीमा विपिनसँगै मनिष झा, सागर ढकाल र गणेश कार्की उम्मेदवार थिए ।

त्यसैगरी पार्टीको सहमहामन्त्री (खुला) मा हरि ढकाल र असिम शाह निर्वाचित हुनुभएको छ भने सहमहामन्त्री (महिला)मा निशा डाँगी निर्वाचित भएकी छिन् ।

यसअघि पार्टी सभापतिमा रवि लामिछाने र खुला उपसभापतिमा स्वर्णिम वाग्ले निर्विरोध निर्वाचित भएका थिए । पहिलो चरणमा ९९ केन्द्रीय सदस्य निर्वाचित भएका थिए ।

हानिकारक सामाजिक विकृति अन्त्य गर्न धार्मिक अगुवा र सहजकर्तालाई तालिम

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १२ असार

सुर्खेतको वीरेन्द्रनगरमा विभिन्न धार्मिक समूहभित्र रहेका सामाजिक समस्या र विसंगतिहरूलाई सम्बोधन गर्ने उद्देश्यका साथ तीन दिने प्राविधिक तालिम सम्पन्न भएको छ । युनाइटेड मिसन टु नेपाल मेडिकल एण्ड डेभलपमेन्ट ट्रस्टको आयोजनामा सञ्चालित 'फेथ एण्ड डेभलपमेन्ट' (विश्वास र विकास) परियोजना अन्तर्गत सो तालिम आयोजना गरिएको हो । वीरेन्द्रनगरमा बसोबास गर्ने मुख्य चार धार्मिक समुदाय (हिन्दु, मुस्लिम, क्रिस्चियन र बौद्ध) का सहजकर्ताहरूलाई लक्षित गरी यो कार्यक्रम सञ्चालन गरिएको आयोजकले जनाएको छ ।



समाजमा विद्यमान विभिन्न सामाजिक सवालहरू जस्तै– छुवाछुत तथा विभेद, छाउपडी प्रथा, र युवाहरूमा बढ्दो लागूऔषध दुर्व्यसनी (ड्रग युज) जस्ता विकृतिहरूको पहिचान यसअघि नै गरिएको थियो । ती समस्याहरूको गहिरो विश्लेषण गर्दा कतिपय अवस्थामा धार्मिक आस्था र परम्परागत विश्वास पनि जोडिएको पाइएकाले धार्मिक अगुवाहरूकै माध्यमबाट समाज सुधारको पहल थालिएको युनाइटेड मिसन टु नेपाल कर्णाली प्रदेश क्लस्टरका टिम लिडर रमेश थिडले जानकारी दिए ।

उनका अनुसार विभिन्न धार्मिक समुदायका व्यक्तिहरुलाई राखेर पहिलो पटक सामाजिक विकृति अन्त्यमा साझा धारण बनाउन तालिम दिइएको हो । धार्मिक समूहभित्रैबाट सकारात्मक सन्देश प्रवाह गर्न सके समाजमा गहिरो गरी स्थापित भएका समस्याहरूलाई प्रभावकारी रूपमा समाधान गर्न सकिने छलफलको निष्कर्षका आधारमा यो परियोजना विकास गरिएको उनले बताए ।

'कुनै पनि एक धार्मिक समूहको व्यक्ति अर्को धार्मिक समूहमा गएर छलफल चलाउँदा धार्मिक परिवेश (कन्टेक्स्ट) नमिल्ने र धर्मग्रन्थका कुराहरू थाहा नहुने व्यावहारिक चुनौती रहन्छ । त्यसैले, सम्बन्धित धार्मिक समूहकै व्यक्तिले आफ्नै समुदायभित्र छलफल चलाउनु उपयुक्त हुने भएकाले उहाँहरूकै सिफारिसमा सहजकर्ताहरू छनोट गरिएको हो,' उनले भने ।

तालिम प्राप्त गरेपछि यी सहजकर्ताहरूले आ-आफ्नो समुदायमा फर्केर आफ्नै धर्मग्रन्थमा उल्लेख भएका सकारात्मक र मानवीय कुराहरूलाई जोड्दै सामाजिक मुद्दाहरूमा नियमित बैठक र छलफलहरू चलाउने छन् । यसले समुदायमा सचेतना अभिवृद्धि गर्नुका साथै आ-आफ्नो क्षेत्रका समस्या समाधानका लागि ठोस कार्ययोजना बनाई कार्यान्वयन गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

आयोजकका अनुसार धार्मिक अगुवाहरूको अनुमति र समन्वयमा गठन गरिएका समूहहरूबाट प्रत्येक धार्मिक समुदाय (हिन्दु, मुस्लिम, क्रिस्चियन र बौद्ध) का ४/४ जना गरी कुल १६ जना सहजकर्ताहरू तालिममा सहभागी भएका थिए । तालिममा समस्याको पहिचान कसरी गर्ने, त्यसलाई समाधानको दिशामा कसरी लैजाने र समुदायमा छलफल कसरी सहजीकरण गर्ने भन्ने जस्ता प्राविधिक विषयहरूमा केन्द्रित रहेर प्रशिक्षण दिइएको थियो ।

अपाङ्गता भएकी छात्राको शिक्षा बन्चित



❐ **काँक्रेविहार संवाददाता**
जाजरकोट, १२ असार

जिल्लाको भेरी नगरपालिका चार निवासी २० वर्षीया चण्डिका चन्द अपाङ्गता भएकै कारण आफ्नो शैक्षिक यात्रालाई निरन्तरता दिन नसक्ने अवस्थामा पुगेकी छन् ।

घरदेखि विद्यालयसम्म पुग्न करिब तीन घण्टा पैदल हिँड्नुपर्ने बाध्यता र जिल्लाको सदरमुकाम खलङ्गामा अपाङ्गता भएका विद्यार्थीका लागि सहज पहुँचयुक्त विद्यालयको अभावका कारण उनले नियमित रूपमा विद्यालय जान छाड्नु परेको छ ।

चन्द बाँकी पृष्ठ ४

शनिवार

कथा

बसवाली केटी



✍ मिलन आचार्य

मलाई चितवन जानु थियो । झापाको बिर्तामोडबाट बस चढ्न लागेको थिएँ । मलाई के थाहा आजको यात्रा विशेष हुनेवाला छ भनेर ।

साँझ पाँच बजेतिर पश्चिम स्टेण्ड पुगेँ । मैले गाडीको स्टाफलाई सिट सोधेँ । मलाई उसले प्रभाको छेवैमा लगेर राखिदियो । उनको नाम प्रभाचाहिँ होइन । मैले नै उसको नाम प्रभा राखेको किनभने न मैले उनको नाम सोधेँ, न उनले मेरो । शुरू भयो हाम्रो अलि फरक यात्रा । त्यसैको एउटा पात्र म र अर्को प्रभा ।

उमेरले त्यही ३०-३२ वर्षकी युवती । आकर्षक र मिजासिलो स्वभाव । साधारण र जटिल दुवै विशेषता बोकेकी । झट्ट हेर्दा साधारण देखिए पनि असाधारण । साहित्यमा रुचि तर शृङ्गार अथवा प्रेम मात्रलाई साहित्य नमान्ने ।

मैले सोधेँ, तपाइलाई मन परेको पुस्तक कुन हो ? केही क्षणको मौनता पछि पुलुक्क मलाई हेर्दै भनिन्, ‘ चिना हराएको मान्छे ।’ मैले सोधेको प्रश्न टारिदिएको प्रष्टै थाहा थियो । कारण जे पनि हुन सक्छ । शायद त्यस समय उनको दिमागमा समाज जोडिएको कुनै पुस्तकको नाम भेटिएन होला । अथवा उनलाई प्रश्न सोध्ने मानिस कच्चा लागेको पनि हुन सक्छ । मलाईचाहिँ चिना हराएको मानिस निकै मनपर्छ । यसै पनि हरिवंश आचार्यको फ्यान नै हुँ । उनको कुरा गलत लाग्नुको अर्थ चाहिँ पछि बुझ्नुहुनेछ ।

हाम्रो भेट सामान्य थियो । आक्कल-झुक्कल हुने भेट मध्ये एउटा । म पूर्वको उनी मध्यपश्चिमकी । हाम्रो मेल खाने कुनै कुरा नै थिएन । जन्मेको ठाउँ, संस्कार वा पेसा व्यवसाय नै पनि । निकै बेर उनले उनका साथी संगतिलाई फोन गरेर उनको ‘ब्याकग्राउड’ जानकारी गराइन् । मैले थुप्रै यात्रामा महिलाले आफू सुरक्षित हुन यही ‘फर्मुला’ प्रयोग गरेको देखेको थिएँ । मैले उनलाई सामान्य युवतीको ‘क्याटागोरी’मा राखेँ ।

गाडी दमक कटेपछि उनैले शुरू गरिन् करेन्ट ‘ अफेयर्स’बाट गफ । मलाई लाग्यो यिनको अक्कल सामान्य छँदै छैन । मानिससँग गफ गर्नु छ, भन्ने कुरा पनि छैन भने म ठ्याक्कै त्यही टुल प्रयोग गर्थेँ । आज पहिलो पटक म मेरैजस्तो क्षमताकी युवतीसँग यात्रामा थिएँ । हामी मजैले गफिन थाल्यौँ । हामी यसरी गफिँदै यात्रा गर्यौँ, धेरै यात्रुले हामीलाई प्रेमी-प्रेमिका सम्झिएको हुनुपर्छ ।

हामीभन्दा ठीक पारिपट्टिको सिटमा एक जोडी थियो । वृद्ध पुरुष अनि युवती भर्खरकी । उनीहरूको व्यवहार भर्खर विवाह गरेका श्रीमान-श्रीमती जस्तो थियो । त्यो जोडीले धेरै पटक हामीलाई ‘नोटिस’ गरेको मैले देखेँ । र, शुरू गरेँ मेरो पुरानै टुल प्रयोग गरेर संवाद ।

“काका, हजुरको घर कता नि ?”

“मेरो झापा बाबु ।”

“झापा कुन ठाउँ हो र ?”

“शुरूज्ञा ।”

“अनि कहाँसम्म हो त काका ?”

“हामी हिँड्नचाहिँ क्यान्सर अस्पतालसम्म हिँडेका । तर आज हेर्दौँडामा उत्रिन्छौँ । भोली मात्रै पुग्छौँ अस्पताल ।”

मैले सोधेँ, “तपाईंहरूको अनुहार हेर्दा त कोही बिरामी जस्तो लाग्दैन नि ।”

काकाले भने, “यिनी मेरी श्रीमती हुन् । क्यान्सरले थलिएको १ वर्ष नाघ्यो । हेर्दा सन्चै देखिन्छे, तर बिचरी रोगी छे । अस्ति भर्खर किमो चढाएर फर्किएका थियौँ । अहिले ‘फलोअप’मा आएका हौँ ।”

“तर, तपाईंहरू खास भाग्यमानी हुनुहुँदो रहेछ । अनुहार हेर्दा पुरै सन्चो भएको जस्तो देखिन्छ । अब त जिती हाल्नुभएछ नि क्यान्सर”, मैले भने ।

“खै के हो के हो ? बरु बाबुको चाहिँ घर कता ?”

म काकावाला बटन थिचेर नजिक भएँ । धेरै कुरा सुनाए काकाले । केही क्षणपछि काकीलाई पनि चुप बस्न मनले दिएन । आँशु छचल्काउँदै सुनाइन् उनको राम कहानी ।

प्रभा अझ ध्यानले उनीहरूको कथा सुनिरहेकी थिई । मानौँ प्रभाकै कोही आफन्त भए जसरी ।

“शुरूमा अलि-अलि ढाड दुख्थ्यो । बेवास्ता गर्दागर्दै साह्रो भएँ । नेपालका थुप्रै अस्पताल धायौँ, कसैले पत्तो लगाउन सकेन । हामी भारतका पनि थुप्रै अस्पताल गयौँ । सिलगुडीको एउटा अस्पताललले एक वर्ष अघि क्यान्सर भएको सुनायो । म त छाँगाबाट खसेँ । क्यान्सर भएको सुनेपछि हामीलाई चिन्ने सबैको सातो गयो । अनि आएका हौँ, क्यान्सर अस्पताल । अझै, उहाँ त कामले हिँडिहाल्नु भयो, अप्रेसनको दिन म एक्लै थिएँ । रातभर बेडमा रोएर बसिरहेँ ।”

“अनि काका अप्रेसनमा पनि साथ नदिएको त ?”, मैले हत्तपत्त सोधिहालेँ ।

“बाध्यता बाबु, नभए को जान्छ स्वास्नीलाई एक्लै बेडमा मर्न छाडेर ।” उहाँको आवाजमा पीडा थियो ।

एकैछिन सबैजना मौन भयौँ । शायद क्यान्सर भन्दा ठूलो कुनै बाध्यता थियो । खुलेर सबै कुरा सुनाएको यो जोडीले बाध्यता भने लुकायो । बरु काकाका आँखा रसिला थिए । मैले धेरै जोर गरिनँ । उनीहरूको कथामा बिराम मात्रै थिएन, दुःख र पीडा पनि थिए । बिरामी स्वास्नी उपचारका लागि लैजाँदा लैजाँदै थाकेका काका काकीका कथाले जो कोहीलाई रुवाउन सक्छ । शायद म पनि रोएँ र प्रभा पनि । तर, उहाँहरूको कथामा आँशु मात्रै छैन, क्यान्सर जित्न सक्ने ऊर्जा पनि छ । धेरैलाई मोटिभेट गर्ने क्षमता छ ।

प्रभा एकतमास मेरो अनुहार हेरिरहेकी थिई, त्यो जोडीको कथा नछुटाई । बेला बेला कुन डाक्टरलाई चेक गराएको, के को क्यान्सर, कति पटक किमो चढाएको, कुन स्टेजको क्यान्सर सोधिन्थी । अनि हाँस्न खोज्दै मलाई हेर्थी । आँखा रसिला थिए प्रभाका । शायद अपेक्षा थिएन होला त्यो जोडीलाई मैले त्यसरी खुलाउँछु र गफिन्छु भन्ने । के हेरेको त्यसरी ? मैले सोधेँ । प्रभाले टाउको हल्लाएर केही होइन भन्ने सङ्केत गरिन् । अनि मुखले चाहिँ उनको पनि बेला बेला ढाड दुखिरहने सुनाई ।

बेलाबेला मौन, बेलाबेला गफ । हामी निरन्तर यात्रामा थियौँ ।

प्रभाले आधा इतिहास साथीसँग गफ गरेर सुनाइसकेकी थिई । म विवाहित हुँ, विवाहितसँग जिस्कन हुँदैन । म घर हिँडेकी लगायत । बाँकी आधा आफैँ भनी - “मेरा दादाहरू घरमा एकदम कडा हुनुहुन्छ । छोरी मान्छेलाई घरमा बाँधेर राख्नुपर्छ भन्ने पुरानो खयालतको । दिदी त अहिले पनि दादाहरूसँग डराउँछे । मैले सानै उमेरमा घर छेवैको केटासँग भागेर बिहे गरेकी हुँ । मेरो लोग्ने अहिले विदेशमा छ । सोझो छ बिचरा । दाइहरू जस्तो मलाई बाँधेर राख्दैन । बरु कहिलेकाहीँ त म नै बढी हुन्छु क्यारे । सबै माइतकाले ज्वाईंलाई हेप्लिस्, सताउलिस् भनिरहन्छन् ।”

प्रभा बेपर्वाह आफूलाई खोल्दै थिई । मलाई भने अनौठो लागिरहेको थियो । सोच्दै थिएँ, शायद अब कहिल्यै भेट नहुने मान्छे किन मलाई पढाउँदै छे जीवनका पाना पाना ? एउटा अनजान मानिसलाई किन कण्ठस्थ गराउँदै छे उसको जीवन ? क्रमशः किन तानिहरेकी छे आफूतिर ? तर पनि म भने मौन थिएँ । मैले उसलाई मेराबारे कति पनि भनेको थिइनँ । एक पटक उसैले निकै जिद्दी गरी । तपाईं को ? पेशा के ? यात्रा कहाँ सम्मको ? मैले उही कुरा सुनाएँ, म भुइँ मान्छे । भुइँ मान्छेको जाने ठाउँ कहीँ पनि हुँदैन । पेशा केही पनि हुँदैन । जहाँ गयो त्यही घर ।

ल्यापटप बोकेर हिँड्नुभाछ । हामी पनि प्रोजेक्टमा काम गर्दा ल्यापटप बोकेरै हिँड्थ्यौँ । भन्नु न ? कुनै प्रोजेक्टमा हो ?

हैन । मैले फेरी टार्ने कोशिश गरेँ । “यसै देवघाट घुम्न हिँडेको ।”

उसले भनी, यसै कोही यसरी हिँड्दैन । म अलिअलि त मान्छे चिन्छु नि । अलिकति त देखेँ पनि । अब त साँचो भन्नुस् । मैले म सामान्य ग्राफिक्स मजदुर भएको सुनाए । रङसँग खेल्ने सौखबारे बताएँ । बस त्यत्ति !

प्रभाले फेरि खोली जिन्दगीको पुस्तक । हाम्रो बाटो छोटिँदै थियो । शायद प्रभाको जीवनका केही पाना बाँकी नै थिए ।

“हाम्रो परिवार होटेल व्यवसायसँग जोडिएको छ । दिदीको पनि होटेल नै छ । म दिदीकै घरमा पुगेर फर्केकी । बाबु पनि दिदीकैमा बसेर पढ्छ । अर्को साल उसलाई यतै ल्याउँछु ।” प्रभा भन्दै थिई, “मैले लामो समय नेपालका विभिन्न प्रोजेक्टमा काम गरेँ । गाउँ-गाउँ पुगेँ । मलाई समाजमै हुन रहर लाग्छ । बिचमा लोग्नेले अलि बढी नै कर गर्यो । मलाई पनि भविष्य बन्ला भन्ने लाग्यो । त्यसैले विदेश पनि गएँ । तर, विदेशमा म रमाउन सकिनँ ।” प्रभालाई दुःख पाएका मानिसको सारथी हुन खुब मनपर्ने रहेछ । अनि कसरी सक्थी त विदेशमा आफैँ दुःख सहेर बस्न । यहाँ प्रभा थिई उहाँ प्रभा हुन सकिन । विदेशीले नेपालीलाई हेपेको उसलाई पटक्कै मन परेन । उसले राम्ररी बुझ्छे, विदेशमा धेरै थोक छैन, मात्रै पैसा छ । पैसाका लागि प्रभाले उसका सपना र पखेटा विदेशमै फाल्न सकिनछे । अचानक प्रभाका बुबालाई क्यान्सर लागेछ । बाको अवस्था निकै गम्भीर भएपछि फर्किएकी रहिछे नेपाल । आँखा भरी आँशु पार्दै सुनाई, “मलाई घरमा माया गर्ने बा मात्रै हुनुहुन्थ्यो । बाले मलाई कहिल्यै केहीमा रोक्नुभएन । सधैँ अघि बढ्न प्रेरणा दिइरहनुभयो । सधैँ मन लागेको खानू, मन लागेको गर्नू र मन लागेको ठाउँमा जानू भन्नुहुन्थ्यो । बा हुँदा मलाई सब थोकमा ढुक्क लाग्थ्यो ।” अघि त्यो जोडीको कथामा प्रभालाई दुख्नुको कारण मैले बल्ल बुझेँ । जोडी आफ्नो दुःख सुनाउँदै थियो, प्रभा आफैँ दुखिरहेकी थिई ।

“तपाईंलाई थाहा छ, हामीलाई छाड्नुभन्दा केही दिन अघि बा सन्चो भएजस्तो हुनुभाथ्यो । उहाँ पुरै गलिसक्नुभएको थियो, तर हाम्रालागि केही नभए जस्तो गर्नुहुन्थ्यो । मैले मलाई सबैभन्दा धेरै माया गर्ने मान्छे गुमाए यार”, प्रभाले पीडा मिसिएको स्वरमा सुनाई ।

शायद प्रभाका भन्दा मेरा आँखा भरिएका थिए । यसै पनि कवि मन गरेको मान्छे, पग्लिहाल्छु सानै कुरामा । तर उसको कुरा त सानो थिएन । प्रभाले मोबाइलमा बाको फोटो निकाल्दै भनी, “यो मर्नुभन्दा केही दिन पहिलाको फोटो हो । ४५ दिन भयो बा खस्नुभएको ।” आँशुले भरिएका आँखाले धमिलो गरी प्रभाले देखाएको फोटो हेर्रेँ । हामी दुवै शान्त भयौँ । निकै बेर, आँखाले गफ गरिरह्यौँ । म पनि प्रभासँगै आँशु आँशु भएछु...अघि कतिखेर थाहा नै नपाई ।

प्रभा फेरी अघि बढी, “लोग्ने विदेशमा खुशी नै छ । उसलाई विदेशको बानी परिसक्यो । छ महिना जति बसेर म नेपाल फर्किएकी हुँ । अब त मरे पनि विदेश जान्न । मेरा दुईवटा सपना छन्, लोग्नेलाई नेपाल नै ल्याउने र फेरि पुरानै तरिकाको जीवन बिताउने ।” हुनैलाई चाहिँ उनमा कहीँ पुग्ने हतारो देखिँदैन । उनलाई १६ शृङ्गार गरेर दीपिका पादुकोण वा क्याट्रिना क्याफ पनि बन्नु छैन । उनले अनुहार, शृङ्गार क्षणिक भएको सत्य मज्जाले बुझेकी छिन् ।

“दुई दिनमै उडिजाने अनुहार के रंग्याउनु । मलाई त समाज सिँगार्ने रहर छ । जो सधैँ सुन्दर रहिराखोस्”, उनले भनिन् ।

समाजसँग लामै समय काम गरेर होला प्रभा मान्छे चिन्न पनि माहिर छे । हरेक मान्छेलाई सजिलै आँक्न सक्छे । धेरथोर साइकोलोजीको ज्ञान छ । आफूसँगै आएर बसेको मानिसको भावना अनुसार अथवा उसको चाहना अनुसारकै कुरा गरिदिन सक्छे । प्रभाले देखेका कुनै पनि महिला हिंसाका घटना बिर्सिएकी छैन । उसलाई घरेलु हिंसामा परेका महिलालाई सहयोग गर्न मनपर्छ, गरेकी पनि रहिछे । उसले बसमा केही प्रतिनिधि घटना सुनाई । र, हाम्रो समाज कस्तो छ भन्ने ऐना देखाई ।

एक पटक, ऊ बसेको घर नजिकैकी बुहारी घरेलु हिंसामा परेकी रहिछ । त्यो बुहारी यति डराउँथी रे, कोहीसँग बोल्ने आँट नै गर्दिनथी । प्रभाले उसलाई सहयोग गरिछे । प्रभा निरन्तर त्यो घरमा जाने बहाना खोजिरहन्थी । कहिले पानी माग्न । कहिले फूलको बिरुवा माग्न । कहिले के त कहिले के । ऊ त्यहाँ जाँदा जाँदा बुहारी उसको साथी जत्तिकै भइछे । र, एक दिन सब सुनाइछे ।

कविता

भेरी अभिशप्त बगिरहेछ



✍ नवीन अभिलाषी

थाहा छैन,
कति हजार वर्षदेखि यो सुसाइरहेछ यसरी ।
भेरीको यो भावुक सुसाइ
कर्नालको दारूण रोदनजस्तो होइन
बैंकिनीको आँसुले भिजेको
देउडाको विरहजस्तो पनि होइन
र होइन, दुर्गम देउरालीमा
भारी टेकाएका हटारूहरूको सुस्केराजस्तो ।
यो,
आदिम सुखको कष्टपूर्ण अवतरण हुनुपर्छ
सुक्खा पाटनबाट अर्धजीवित
यार्सासँगै उखेलिएको माँगलको मूर्छित आलाप हुनुपर्छ ।
पत्थरको कार्पेट भएर
बगिरहने कुनै आदियोगीको अविराम तीर्थाटनजस्तो
कसका आसुहरू हुन् यी कहिल्यै नसुक्ने !
माथि त्यो दुर्गम आकाशमुनि
को हो त्यो सिङ्गो युगभर रोएर कहिल्यै नथाक्ने ?
भेरीकै औंला छोपेर रूँदै किनारै किनार
छोरेट्टाहरूले गाउँ छोडे
छोरेट्टीहरूले छाउ छोडे
देहात पुगे कि दिल्ली
कारगिल छिरे कि कालापहाड !
सरायँ नाच्ने यी गहिरा छाल लहरहरू ।
घरदेशले पानीकै पन्नामा
अलिना आँसुले लेखेको चिट्ठी हुनुपर्छ ।
भोकमरीको भुङ्गोबाट सल्किँदै सल्किँदै
भेरीको अँगालोमा हाम फालेका सुत्केरी आमाहरू,
लोग्नेले छोडेको
बम्बैया बिमारले गलेका श्रीमतीहरू
बहावभित्रै ढुङ्गा भएर धस्सिएको हुनुपर्छ ।
माछाका भूरा छोप्दाछोप्दै किनारमा
पानीकै पासोले अठ्याएर
पानीकै ओछ्यानमा निदाएका कुपोषित नानीहरू
बग्दै बग्दै
बालुवाकै विस्तारामा नर्कट भएर सडेको हुनुपर्छ ।
कहिले कसो यो धमिलो बग्ने भेरी
भाका बस्ने सुन्दरीको
अभिशप्त जीवनमा खसेको पर्यटक पहिरो हुनुपर्छ
कुहिएर पाठेघर, बगेको पिप हुनुपर्छ ।
सुनेको हुनुपर्छ धेरैले भेरी रातो बगेको
सदियौंदेखि जात बोकेर अग्लिएका यी किनारहरू
आपसमा टकराएर रगताम्मे भएको हुनुपर्छ समाज
सभ्यताकै उन्नत समयमा न्याय मरेको हुनुपर्छ
र बगेको हुनुपर्छ - मानवताको आलो लास ।
थाहा छैन,
कति हजार वर्षदेखि यो
बगिरहेछ यसरी नै ।
चरक्क चिरेर सिमाना
विद्रुप बगेको भेरीका भयानक घाटहरूमा
प्रेम बोकेर फेरीहरू नचलेका होइनन्
वार-पार नगरेका होइनन् सम्बन्धका काठे डुङ्गाहरू ।
तुइनमा झुन्डिएरै पनि
आगो नसाटेका होइनन् मलामीले विपत्तिमा
झोलुङ्गे तरेर
जन्ती ननाचेका पनि होइनन् मानिसहरूले ।
तर,
आँसुको भोक खाने बानी परेको भेरीलाई
कहिलेसम्म चढाइरहनु
क्षतिग्रस्त घडीका विषादमय पलाहरू
यो भेरी,
अब निख्खर सलो भएर बगे हुँदैन ?

सार्वजनिक बिदामा पनि वनगाडको सेवा



❐ काँक्रेविहार संवाददाता

सल्यान, १२ असार

आर्थिक वर्ष २०८२/८३ को अन्त्य नजिकिँदै जाँदा सल्यानको वनगाड कुपिण्डे नगरपालिकाले सार्वजनिक बिदाका दिनमा पनि भुक्तानी सेवा सञ्चालन गर्ने निर्णय गरेको छ।

बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनसँगै आर्थिक दायित्व समयमै फछ्र्यौंट गर्ने उद्देश्यले असार २५ गतेसम्म आर्थिक प्रशासन शाखाबाट नियमित रूपमा भुक्तानी सेवा उपलब्ध गराइने नगरपालिकाले जनाएको छ।

नगरपालिकाद्वारा जारी सूचनाअनुसार महालेखा नियन्त्रक कार्यालयको निर्देशनबमोजिम सार्वजनिक बिदामा समेत कार्यालय खुला राखी भुक्तानी प्रक्रिया सञ्चालन गरिनेछ। यस अवधिमा योजना तथा कार्यक्रमसँग सम्बन्धित भुक्तानी रोकावट नहोस् भन्ने उद्देश्यले आवश्यक व्यवस्था मिलाइएको जनाइएको छ।

नगरपालिकाले वडा कार्यालय, विषयगत शाखा, योजना उपभोक्ता समिति, निर्माण व्यवसायी, सेवा प्रदायक तथा अन्य सरोकारवालालाई भुक्तानीका लागि आवश्यक बिल, भरपाई, सम्झौता, कार्यसम्पन्न प्रतिवेदन, सिफारिस तथा अन्य आवश्यक कागजात समयमै पूर्ण रूपमा तयार गरी आर्थिक प्रशासन शाखामा पेस गर्न अनुरोध गरेको छ।

भुक्तानी प्रक्रियालाई छिटो, पारदर्शी र व्यवस्थित बनाउन शाखा प्रमुख, योजना शाखा, प्राविधिक शाखा, जिन्सी शाखा तथा सम्बन्धित कर्मचारीबीच आवश्यक समन्वय र सहकार्य गर्न निर्देशन दिइएको प्रमुख प्रशासकीय अधिकृत गोकर्ण पन्थीले जानकारी दिए।

उनले आर्थिक वर्षको अन्तिम समयमा अनावश्यक चाप र ढिलाइ हुन नदिन सम्बन्धित सबै पक्षलाई आवश्यक कागजात समयमै बुझाई भुक्तानी प्रक्रिया सम्पन्न गर्न आग्रह गरेका छन्।

नगरपालिकाले यस व्यवस्थाले विकास निर्माणका योजना तथा सेवा प्रवाहसँग सम्बन्धित आर्थिक कारोबार समयमै सम्पन्न हुने विश्वास व्यक्त गरेको छ।

कर्णालीमा विपद् प्रतिकार्य योजना लागू

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १२ असार

मनसुन सक्रिय भएसँगै कर्णाली प्रदेश सरकारले प्राकृतिक विपद्बाट हुने सम्भावित क्षति न्यूनीकरण गर्न विपद् प्रतिकार्य योजना-२०८३ लागू गरेको छ।

प्रदेश विपद् व्यवस्थापन परिषद्ले योजना पारित गरेसँगै आपतकालीन गोदाम सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८३ र मनसुन प्रतिकार्य तथा पूर्वतयारी योजना २०८३ समेत कार्यान्वयनमा ल्याइएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार यस वर्षको मनसुनमा कर्णालीमा करिब १३ हजार नागरिक प्रभावित हुन सक्ने अनुमान गरिएको छ भने करिब तीन हजार घरधुरी प्रत्यक्ष जोखिममा पर्ने देखिएको छ।

शान्ति, सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख उत्तम गौतमले योजनाअनुसार उद्धार, राहत, समन्वय र पूर्वतयारीका सबै कार्यक्रम सञ्चालन गरिने जानकारी दिए। भौगोलिक विकटता, कमजोर भू-बनोट र करिब ५७ प्रतिशत भिरालो जमिनका कारण कर्णाली



प्रदेश बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्को उच्च जोखिममा रहने प्रदेश हो।

हरेक वर्ष मनसुनका कारण सडक अवरुद्ध हुने, बस्ती जोखिममा पर्ने तथा जनधनको क्षति हुने क्रम दोहोरिने गरेको छ। तर पूर्वतयारी कमजोर हुँदा राहत र पुनःस्थापनामा ढिलाइ हुने गुनासोसमेत रहँदै आएको छ।

विगतका विपद्का उदाहरणले पनि दीर्घकालीन पुनःस्थापनामा चुनौती देखाएको छ। २०७१ सालको बाढी तथा पहिरोबाट विस्थापित भएका सुर्खेतका धेरै परिवार अझै पनि अस्थायी शिविरमै बस्न बाध्य छन्। बराहताल गाउँपालिका दुईका एक सय २५ घरधुरी अहिले पनि गिरीघाटस्थित सामुदायिक वन क्षेत्रमा टहरामा जीवनयापन गरिरहेका छन्।

प्रदेश प्रहरी कार्यालय सुर्खेतका अनुसार चालु आर्थिक वर्षमा हालसम्म कर्णालीमा छ सय ३३ वटा विपद्का घटना भएका छन्। ती घटनामा १७ जनाको मृत्यु, एक जना बेपत्ता तथा ६२ जना घाइते भएका छन्। पछिल्ला चार आर्थिक वर्षमा प्रदेशभर चार हजार पाँच सय ७९ विपद्का घटनामा चार सय १९ जनाको ज्यान गएको तथ्यांक छ।

आर्थिक वर्ष २०७७/०७८ मा ४१६ घटना, २०७८/०७९ मा एक हजार दुई सय १६ घटना, २०७९/०८० मा दुई हजार दुई सय १४ घटना र २०८०/०८१ मा सात सय ३३ घटना भएका थिए। ती घटनामा क्रमशः ८५, ६८, ७२ र १९४ जनाको मृत्यु भएको प्रदेश प्रहरीले जनाएको छ।

प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक सन्तोष सिंह राठोरका अनुसार पछिल्ला वर्षहरूमा विपद्का घटनाको संख्या घटे पनि मानवीय क्षति गम्भीर देखिँदै आएको छ। उनले मनसुन अवधिभर स्थानीय तह, सुरक्षा निकाय र नागरिक सबैलाई उच्च सतर्कता अपनाउन आग्रह गरेका छन्।

प्रदेश सरकारले विपद् प्रतिकार्य योजना लागू गरे पनि यसको प्रभावकारी कार्यान्वयन, पूर्वतयारी, समयमै राहत वितरण र दीर्घकालीन पुनःस्थापनालाई प्राथमिकतामा राख्न सके मात्र कर्णालीमा विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिने सरोकारवालाहरूको भनाइ छ।

सरकारका तीन महिना :

थोरै प्रसंशा, धेरै चुनौती, चौतर्फी आलोचना

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १२ असार

गत चैत १३ मा सपथ लिएको सरकारको कार्यकाल तीन महिना पूरा हुनै लागेको छ। यो तीन महिनामा सरकारका कतिपय निर्णयको प्रसंशा भइरहेको छ भने कतिपय निर्णयहरु विवादको घेरामा परेका छन्। सरकारले थालेका समानुपातिक एवम् समावेशी प्रतिनिधित्व, भ्रष्टाचारका पुराना फाइल खोल्ने, हुलाक सेवा चुस्त बनाउने अभियानको प्रसंशा भइरहेका छन्। तर कतिपय विषयमा चाहिँ सरकार घेराबन्दीमा परेको देखिएको छ। विशेषगरी सुकुम्वासी व्यवस्थापनमा सरकार नराम्ररी चुकेको देखिन्छ भने चिया उद्योग धमाधम बन्द भइरहेको विषयलाई लिएर पनि सरकार आलोचित छ।

त्यसैगरी, सरकारी अस्पतालमा क्यान्सर र रेबिजजस्ता रोगको औषधि र खोपको चरम अभाव देखिएको छ। त्यस्तै, अन्तर्राष्ट्रिय बजारमा घटेपनि आयल निगमले नघटाएको पेट्रोलियम पदार्थको मूल्य, एफएटीएफको खैरो सूचीमा नेपालको नाम यथावत रहनुले पनि सरकारको कमजोरी उजागर गरेको छ।



चिया निर्यातमा पहल पुगेन

गुणस्तर परीक्षणका नाममा भारतले झण्डै दुई महिनादेखि नेपाली चिया आयातमा आलटाल गर्दा पूर्वी नेपालको चिया क्षेत्र गम्भीर संकटमा परेको छ। भारतीय चिया बोर्डको संशोधित व्यवस्था अनुसार प्रयोगशालाको प्रतिवेदन पाँच दिनभित्र उपलब्ध गराउनुपर्ने भए तापनि सोको कार्यान्वयनमा लापरवाही हुँदा हप्तौंसम्म प्रतिवेदन नआएर चिया निर्यात ठप्प भएको छ। हाल भारतीय बजार र नेपाली उद्योगीका गोदामहरूमा ठूलो परिमाणमा प्रयोगयोग्य चिया थन्किएको छ भने चिया बोकेर भारततर्फ गएका गाडीहरू कोलकातामा अलपत्र परेका छन्। उत्पादित चिया बेच्न नपाएर गोदाम भरिएपछि र कृषकलाई हरियो पत्तीको भुक्तानी गर्न नसकिएपछि पूर्वी नेपालका चिया उद्योगीले असार १ गतेदेखि उद्योग नै बन्द गर्ने घोषणा गरेका छन्। यस समस्याप्रति चिन्ता व्यक्त गर्दै इलामका सांसद सुहाङ नेम्वाङले चिया निर्यात रोकिँदा किसानको श्रम, उद्योगीको लगानी र हजारौँ श्रमिकको रोजगारी जोखिममा पर्ने भन्दै सरकारसँग तत्काल परिणाममुखी हस्तक्षेपको माग गरेका छन्।

देशको अर्थतन्त्र र नागरिकको जीविकोपार्जनको मुख्य स्रोत रहेको चिया क्षेत्रको यो समस्या समाधानका लागि नेपाल सरकारका विभिन्न मन्त्रालय तथा नयाँ दिल्लीस्थित नेपाली दूतावासमार्फत भारत सरकारलाई उच्चस्तरीय कूटनीतिक नोट पठाइए पनि कुनै ठोस नतिजा आउन सकेको छैन।

घटेन पेट्रोलियम पदार्थको मूल्य

मध्यपूर्वको द्वन्द्वसँगै इरानले इन्धन आपूर्तिको मुख्य नाका स्ट्रेट अफ हर्मुज बन्द गरिदिएका कारण गत फागुन १६ गतेदेखि विश्वभर इन्धन आपूर्तिमा समस्या निम्तिएको थियो। यसको प्रत्यक्ष असर नेपालजस्तो आयातमुखी मुलुकमा पर्दा भान्सादेखि विकास निर्माणका कामसम्म ठप्प हुन पुगेका थिए। तर, हाल इरान र अमेरिकाबीच विभिन्न चरणमा भएका सम्झौतापछि इन्धन आपूर्ति सामान्य बन्दै गएको छ। यस कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य उच्चतम बिन्दु करिब १२० अमेरिकी डलर प्रतिब्यारेलबाट करिब ७० अमेरिकी डलरमा आसपास पुगेको छ। अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य यसरी उल्लेख्य रूपमा गिरावट आउँदा प्रशोधित तेलको मूल्य पनि घट्ने निश्चित भए तापनि नेपाल सरकारले भने हालसम्म पुरानै उच्चतम मूल्य यथावत् राखेको छ।

पोषण सुधार्न स्वस्थ बच्चा प्रतिस्पर्धा

❐ काँक्रेविहार संवाददाता

दैलेख, १२ असार

बालबालिकाको पोषण, स्वास्थ्य र सरसफाइमा सुधार ल्याउने उद्देश्यले दैलेखको दुङ्गेश्वर गाउँपालिकामा 'स्वस्थ बच्चा प्रतिस्पर्धा' कार्यक्रम सञ्चालन गरिएको छ।

मातृ तथा शिशु स्वास्थ्यमा आवश्यक हेरचाह र लगानीको अभावका कारण बालबालिकामा कुपोषणको समस्या देखिन थालेपछि स्वास्थ्य सचेतना अभिवृद्धि गर्न यो अभियान सुरु गरिएको हो।

लाँकुरी स्वास्थ्य चौकीका प्रमुख बालकृष्ण विष्टका अनुसार समुदायमा स्वास्थ्य र सरसफाइप्रति पर्याप्त ध्यान नदिँदा आमा र बालबालिकाको स्वास्थ्य जोखिम बढ्दै गएको छ। यही अवस्थालाई सुधार गर्न तथा अभिभावकलाई बालस्याहारप्रति जिम्मेवार बनाउन कार्यक्रम सञ्चालन गरिएको उनले बताए। प्रतिस्पर्धामा बालबालिकाको व्यक्तिगत सरसफाइ, पोषण अवस्था र अभिभावकको स्वास्थ्य सम्बन्धी व्यवहारलाई आधार मानेर मूल्यांकन गरिएको थियो।

मूल्यांकनका सूचकमा सफा अनुहार, कपडा, कपाल, हातखुट्टा र दाँत, नियमित खोप, बिरामी पर्दा स्वास्थ्य संस्थामा उपचार गराएको



अवस्था, उमेर अनुसारको तौल र पाखुराको नाप, घरमा शौचालयको प्रयोग, संस्थागत सुत्केरी, जन्मान्तर तथा पोषणयुक्त आहारको व्यवस्था समावेश गरिएको थियो।

प्रतिस्पर्धामा मिनल गुरुङ प्रथम, आयान्स थापा द्वितीय, सचिन खड्का तृतीय तथा सुमन थापा सान्त्वना स्थान हासिल गर्न सफल भए। विजेताहरूलाई स्वास्थ्य र पोषणमा सहयोग पुग्ने उद्देश्यले प्रतिव्यक्ति एक हजार पाँच सय रुपैयाँ बराबरका पोषणयुक्त तथा सरसफाइका सामग्री वितरण गरिएको स्वास्थ्य चौकीले जनाएको छ।

पुरस्कारस्वरूप अन्डा, दाल, नुन, तेल, स्याउ, केरा र साबुनलगायतका सामग्री प्रदान गरिएको थियो। स्वास्थ्यकर्मीहरूले यस्ता कार्यक्रमले समुदायमा बाल स्वास्थ्य, पोषण र सरसफाइप्रति सकारात्मक व्यवहार विकास गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www .kankrebihar .com

काँक्रेविहार राष्ट्रिय दैनिक

शनिवार, १३ असार, २०८३
Saturday, 27 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

कर्णालीमा अपराध अनुसन्धानमा नयाँ चुनौती

काँक्रेविहार संवाददाता
सुर्खेत, १२ असार

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी सम्पन्न भएको छ। प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग तथा कर्णाली प्रदेश प्रहरी कार्यालयको संयुक्त आयोजनामा भएको गोष्ठीमा प्रदेशका १० जिल्लाका प्रहरी प्रमुख, अनुसन्धान अधिकृत तथा सरोकारवाला निकायका प्रतिनिधिहरू सहभागी भएका छन्।

गोष्ठीमा जिल्लागत रूपमा अपराध अनुसन्धानका क्षेत्रमा भएका गतिविधि, उपलब्धि तथा चुनौतीबारे प्रहरी अधिकारीहरूले प्रस्तुतीकरण गरेका थिए। कर्णालीका अधिकांश जिल्ला दुर्गम पहाडी तथा हिमाली भूगोलमा पर्ने भएकाले अपराध अनुसन्धानमा भोग्नुपरेका व्यावहारिक कठिनाइ र चुनौतीबारे विशेष छलफल गरिएको थियो।

कार्यक्रममा अपराध अनुसन्धान विभागका प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनीले गोष्ठीको औचित्य, नेपालमा विकसित हुँदै गएको अपराध अनुसन्धान प्रणाली तथा पछिल्लो समय अनुसन्धान क्षेत्रमा देखिएका प्रवृत्तिबारे प्रस्तुतीकरण गरेका थिए। विशेषगरी कर्णालीमा मदिरा सेवन तथा अन्य नशालु पदार्थ सेवनबाट उत्पन्न विवादले बढी अपराधका घटना घटेको देखिएको उनले बताए।

गोष्ठीलाई सम्बोधन गर्दै कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले विज्ञान र प्रविधिको प्रयोगले प्रहरी अनुसन्धानलाई थप प्रभावकारी बनाउँदै लगे पनि केही घटनामा अनुसन्धान र कारबाहीका पक्षमा कमजोरी देखिने गरेको बताए। अनुसन्धान प्रक्रिया निष्पक्ष, तथ्यमा आधारित र व्यावसायिक हुनुपर्नेमा जोड दिँदै उनले समाजमा कानुनी शासनप्रतिको विश्वास कायम राख्न प्रहरीको भूमिका अझ महत्वपूर्ण रहेको उल्लेख गरे। "कतिपय अवस्थामा घटनाको वास्तविकताभन्दा बाहिरी प्रभावले काम गर्न खोज्ने प्रवृत्ति देखिएको छ। समाज कहाँ पुग्ला भन्ने चिन्ता छ," मुख्यमन्त्री कँडेलले भने, "न्याय र अनुसन्धानको क्षेत्र संवेदनशील भएकाले यसमा संलग्न सबैले थप जिम्मेवार बन्न आवश्यक छ।"

उनले प्रदेश सरकार प्रहरीबाट आवश्यक समन्वय र सहयोगको माग आएमा हरसम्भव सहयोग गर्न तयार रहेको पनि बताए।

अपराध अनुसन्धान विभागका प्रमुख अतिरिक्त महानिरीक्षक (एआईजी) सुशीलसिंह राठौरले सामाजिक सञ्जालको दुरुपयोग, वित्तीय तथा अनलाइन ठगीजस्ता नयाँ प्रकृतिका अपराधले अनुसन्धान क्षेत्रलाई थप चुनौतीपूर्ण बनाएको बताए। उनले अपराध अनुसन्धानलाई पूर्ण रूपमा निष्पक्ष, स्वतन्त्र र व्यावसायिक बनाउन जिल्ला प्रहरी कार्यालय तथा मुद्दा अनुसन्धान गर्ने इकाइहरू अझ बढी संवेदनशील र जिम्मेवार बन्नुपर्नेमा जोड दिए। कार्यक्रममा सुर्खेतका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशी, उच्च सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ता लक्ष्मीनारायण दाहाल, मुख्य न्यायाधिवक्ताको कार्यालयका मुख्य न्यायाधिवक्ता कृष्णबहादुर हमाल, पत्रकार महासंघ सुर्खेतका अध्यक्ष मधुवन विसी लगायतले पनि अपराध अनुसन्धानलाई प्रभावकारी, विश्वसनीय र कानुनसम्मत बनाउने विषयमा आ-आफ्ना धारणा राखेका थिए। कर्णाली प्रदेशका दशैँवटा जिल्लाबाट प्रहरी प्रमुख र अनुसन्धान अधिकृत समीक्षा गोष्ठीमा सहभागी भएको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रमुख डीआइजी जय राज सापकोटाले बताए।

कर्णालीमा अपराध अनुसन्धानको वर्तमान अवस्था, चुनौती र आगामी रणनीतिबारे गम्भीर समीक्षा गरिएको उक्त गोष्ठीले अनुसन्धान प्रणालीलाई अझ सुदृढ र प्रविधिमैत्री बनाउने दिशामा महत्वपूर्ण सन्देश दिएको सहभागीहरूले बताएका छन्।

आईसीसी विश्वकप लिग-२ का लागि नेपाली टोली घोषणा



काँक्रेविहार संवाददाता
काठमाडौं, १२ असार

नेदरल्याण्ड्समा हुने आईसीसी विश्वकप लिग-२ का लागि नेपाली टोली घोषणा भएको छ।

रोहित पौडेलको कप्तानीमा नेपाल क्रिकेट संघ क्यानले टोली घोषणा गरेको हो। नेपाली टोलीमा दीपेन्द्रसिंह ऐरी उपकप्तान, सन्दीप लामिछाने, कुशल भुर्तेल, आसिफ शेख, इशान पाण्डे, आरिफ शेख, गुल्सन झा रहेका छन्।

यस्तै करन केसी, सोमपाल कामी, नन्दन यादव, ललित राजवंशी, भीम शार्की, अर्जुन कुमार र विनोद भण्डारी पनि टीममा समावेश छन्।

सन्दीप जोरा, शाहब आलम, हेमन्त धामी, आकाश चन्द र युवराज खत्री रिजर्भमा रहेका छन्।

अपाङ्गता...

भेरीस्थित लक्ष्मी माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत थिइन्। तर, शारीरिक अवस्थाका कारण एक्लै लामो दूरी पार गरेर विद्यालय जान नसक्ने भएपछि उनको पढाइ बीचमै रोकिएको छ।

आवश्यक सहयोग र पहुँचयुक्त पूर्वाधार नहुँदा उनी जस्ता अपाङ्गता भएका विद्यार्थीले शिक्षाको अधिकारबाट वञ्चित हुनुपरेको स्थानीयवासी बताउँछन्।

चण्डिकाकी आमा पशुपति चन्दका अनुसार एक वर्षअघिसम्म छोरीलाई नियमित रूपमा विद्यालय पठाउन खलङ्गामा कोठा भाडामा लिएर बस्ने व्यवस्था गरिएको थियो।

उनी स्वयमले विद्यालय लाने-ल्याउने जिम्मेवारी पनि समालेकी थिइन्। तर, श्रीमान् घर छाडेर गएपछि परिवारको सम्पूर्ण आर्थिक भार आफ्नै काँधमा आएको र जीविकोपार्जन गर्नुपर्ने बाध्यताले छोरीलाई विद्यालय पुऱ्याउन तथा बसोबासको खर्च धान्न नसकिएको उनको भनाइ छ।

आर्थिक अभाव, पहुँचयुक्त शिक्षाको कमी र पारिवारिक समस्याको दोहोरो मारका कारण चण्डिकाले आफ्नो पढाइ छाड्नुपरेको हो।

स्थानीय सरोकारवालाले अपाङ्गता भएका विद्यार्थीका लागि सहज पहुँचयुक्त विद्यालय, यातायात सुविधा तथा आवश्यक सहयोगको व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

उनीहरूका अनुसार यस्ता विद्यार्थीलाई लक्षित कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न नसकिएमा धेरै विद्यार्थी शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित हुने अवस्था रहनेछ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०३/१३

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री बिन्दा शाही** धनी रहेको, **दर्ता नम्बर** ९१३८/०७८/०७९ बाट **वीरेन्द्रनगर-३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **उर्जाशील कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं ।

सावधानी अपनाऔं, बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पूर्ण छपाईका काम
एकै ठाउँमा

GLOBAL OFFSET PRESS

लेबल स्टिकर, ब्रोसर पम्पलेट, क्यालेडर, पोस्टर

सरकारी फारम, भौचर, चलानी, बिलबुक

पुस्तक, नोटबुक, डायरी, रसीद, क्यागोजिन, पत्रिका

आईडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर

offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८५८०५५६२६

गुणस्तर हाम्रो प्रतिबद्धता, सन्तुष्टि हाम्रो लक्ष्य।

समयमै गुणस्तरीय सेवा | उच्च गुणस्तरको छपाई | अनुभवी टोली | ग्राहक सन्तुष्टि हाम्रो प्राथमिकता

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)